**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः ०६ जनवरी २०२६**

**समयः १८:५० – १९:०० बजे**

- मुख्य समाचारनिर्वाचन आयोगले पश्चिम बंगाल एसआईआर मा रहेका विसंगतिहरूबारे चार-पाँच दिन भित्र संबधित मतदाताहरूलाई सूचीत गर्ने कड़ा निर्देश दिएको छ।
- मुख्यमंत्री ममता व्यानजीले गंगासागर मेलाको तैयारीहरूको आज समीक्षा गर्नुभयो।
- पश्चिम बंगालको वर्तमान डीजीपी को कार्यकाल ३१ जनवरीको दिन समाप्त हुन्दैछ। नयाँ डीजीपी को नाम बारे अन्योलता बनेको छ।
- पश्चिम बंगाल पुलिस भर्ती परीक्षामा उर्त्तीण हुनेहरूको शरीरिक परीक्षा ८ जनवरी देखि शुरू हुनेछ।
- मुख्यमंत्री ममता व्यानर्जीले राज्यका चिया बगानहरूलाई वर्वाद गरी रहेको गंभीर आरोप भाजपा विधायक शुभेन्दु अधिरकारीले लगाएका छन्।

## निर्वाचन आयोग - पश्चिम बंगाल -- एस आई आर

निर्वाचन आयोगले पश्चिम बङ्गालमा जारी गरिएको मतदाता सूचीको विशेष गहन पुनरिक्षणको क्रममा मतदाता सूचीको कथित आकडाहरुको विसंगतिहरूको बारेमा सबै सूचनाहरू आगामी चार-पाँच दिनभित्र सम्बन्धित मतदाताहरूलाई प्रसारित गर्न कठोर निर्देश दिएको छ। यो काममा कुनै पनि प्रकारको लापरबाही सहन नहुने आयोगले जनाएको छ। यस सम्बन्धमा राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालयले प्रत्येक सभा निर्वाचन क्षेत्रमा पठाएका त्यस्ता सूचनाको संख्याको दैनिक प्रतिवेदन पेश गर्न सबै जिल्ला निर्वाचन अधिकारीहरुलाई निर्देश दिएको छ। राज्यमा मतदाता सूची-एसआईआरको विशेष गहन संशोधनको क्रममा लगभग 1 करोड़ 36 लाख मतदाताहरूको आकड़ाहरुमा विसंगतिहरू भेटिएका थिए। त्यसपछिको प्रमाणीकरण र सुधारपछि यो संख्या घटेको छ। नया तथ्यांक अनुसार त्यस्ता मतदाताको संख्या घटेर लगभग ९५ लाख पुगेको छ।

## गंगासागर मेला – तैयारी -मुख्यमंत्री ममता बनर्जी

**पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जी गंगासागर मेलाको तयारी र व्यवस्थाको समीक्षा गरेर आज हेलिकप्टरबाट कोलकाता फर्किनुभएको छ। यस भ्रमणको क्रममा मुख्यमन्त्री ब्यनार्जीले गंगासागर मेलासँग सम्बन्धित सुरक्षा, यातायात र प्रशासनिक व्यवस्थाको समीक्षा गर्नुभयो।यस अघि मुख्यमन्त्रीले गंगासागर क्षेत्रमा प्रशासनिक अधिकारीहरूसँग बैठक गरी तीर्थयात्रीको सुविधा र सुरक्षाका सम्बन्धमा आवश्यक निर्देशन दिनुभएको छ। कोलकातादेखि गंगासागरसम्म श्रद्धालुहरूलाई कुनै पनि प्रकारको समस्याको सामना नपरोस् भनेर राज्य सरकार पूर्ण रूपमा सतर्क रहेको उहाँले बताउनु भएको छ।मुख्यमन्त्री ब्यनार्जीले गंगासागर मेलामा आउने तीर्थयात्री, पत्रकारहरूलाई पाँच लाख रूपियाँको बीमा कभरमा समावेश गरिएको बताउनु भएको छ। यो बीमा सुविधा ७ जनवरी देखि १९ तारिखसम्म लागू हुनेछ।**

**उहाँले अझ भन्नुभयो - 'गङ्गासागर द्वीप क्षेत्र पानी र जंगलले घेरिएको हुँदा यहाँ वन्यजन्तु र जलमार्गसँग सम्बन्धित दुर्घटनाको जोखिम रहेको छ। यी जोखिमलाई ध्यानमा राखेर सुरक्षा र राहतको व्यवस्थालाई थप सुदृढ बनाइएको छ।**

**मुख्यमन्त्री कोलकाता फर्किएसँगै गंगासागर मेलाको तयारीलाई अन्तिम रूप दिइएको छ। यस पटक गंगासागर मेला सुरक्षित, व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न हुने राज्य सरकारले दाबी गरेको छ।**

## वाणिज्य और उद्योग मंत्री पीयूष गोयल -सीएसआर

**वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले विकसित भारतको निर्माण गर्न र देशको दीर्घकालीन सामाजिक र आर्थिक भविष्य सुरक्षित गर्न कुपोषणको उन्मूलन आवश्यक रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित एक**

सम्मेलनमा बोल्नुहुदै श्री गोयलले भन्नुभयो, कुपोषण एक जटिल चुनौती हो र यसलाई समन्वित कार्यको आवश्यकता छ। उहाँले अझ भन्नुभयो - कर्पोरेट सामाजिक जिम्मेवारी (सीएसआर) ले व्यवसायलाई सामाजिक प्रभावसँग जोड्ने अवसर प्रदान गर्दछ। उहाँले कुपोषण विरुद्धको लडाइँलाई सरकार, निगम, समुदाय र व्यक्तिहरूको संलग्नतामा सामूहिक राष्ट्रिय दायित्वका रूपमा अघि बढाउनुपर्ने बताउनु भयो । श्री गोयलले कुपोषणलाई सम्बोधन गर्न महिला एवम् बाल विकास मन्त्रालयको केन्द्रीय भूमिकामाथि जोड दिनुभयो।

**भारत ऊर्जा सप्ताह - 27 जनवरी- गोवा**

भारत ऊर्जा सप्ताहको आयोजन २७ जनवरी देखि गोवामा हुनेछ । चार दिवशीय कार्यक्रमले सुरक्षित, टिकाउ र किफायती ऊर्जा भविष्यलाई बढावा दिन सरकारी अधिकारीहरू, उद्योगका नेताहरू र नवप्रवर्तकहरूलाई एकै मंचमा ल्याउनेछ। पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्रालयले भनेको छ - यो कार्यक्रम ऊर्जा सुरक्षालाई सुदृढ गर्न, निवेश प्रवर्द्धन गर्न र कार्बन उत्सर्जन घटाउन व्यावहारिक र व्यापक उपायहरू विकास गर्न केन्द्रित हुनेछ। सम्मेलनमा अमेरिका, युरोप, मध्यपूर्व, अफ्रिका र एसिया प्रशान्त क्षेत्रका प्रतिनिधिमण्डलहरुले भाग लिनेछ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको बिश्व उर्जा आउटलुक २०२५ अनुसार भारतले मात्र बर्ष २०५० सम्ममा वैश्विक ऊर्जाको माग २३ प्रतिशत भन्दा अधिकले बढाउनेछ । यो कुनै पनि देशको तुलनामा सबैभन्दा अधिक हो । भारतले दीर्घकालीन ऊर्जा सुरक्षा बढाउनका लागि आन्तरिक अन्वेषण र बुनियादी ढाचा बिकासलाई सुदृढ पार्ने काम जारी राखेको छ।

**पश्चिम बंगाल - वर्तमान पुलिस महानिदेशक राजीव कुमार**

पश्चिम बंगालका वर्तमान पुलिस महानिर्देशक राजीव कुमारको कार्यकाल ३१ जनवरीमा समाप्त हुँदैछ, तर उनको उत्तराधिकारीको नियुक्तिलाई लिएर जटिलता उत्पन्न भएको छ। संघ लोक सेवा आयोग यू.पी.एस.सी का अखिल भारतीय सेवा निर्देशक नन्दकिशोर कुमारले राज्यका मुख्य सचिव नन्दिनी चक्रवर्तीलाई यस मामिलामा सर्वोच्च न्यायालय बाट आवश्यक अनुमति लिन सल्लाह दिनुभएको छ । आयोगले राज्य सरकारले पठाएको आईपीएस अधिकारीहरूको सूची पनि फिर्ता गरेको छ, जसमध्ये एकलाई नयाँ डीजीपीको रूपमा नियुक्त गर्ने प्रस्ताव गरिएको थियो। नियम अनुसार राज्य सरकारले डीजीपीको पदका लागि राज्यमा कार्यरत तीन वरिष्ठ आईपीएस अधिकारीहरूको नामको प्यानल पठाउनु पर्छ र संघ लोक सेवा आयोगले तीमध्ये एकलाई अन्तिम स्वीकृति दिदछ । यो मुद्दाको जड बर्ष २०२३ को डिसम्बरमा तत्कालीन डीजीपी मनोज मालवीयको अवकाशसँग सम्बन्धित रहेको बताइएको छ । मनोज मालवीया सेवानिवृत्त हुनुभन्दा पहिले राज्य सरकारले राजीव कुमारलाई कार्यवाहक डीजीपी नियुक्त गरेको थियो । पछि जब उनको उत्तराधिकारीको नामको सूची पठाइयो, आयोगले त्यसलाई स्वीकार गरेन। संघ लोकसेवा आयोगले मुख्य सचिवलाई पठाएको पत्रमा सर्वोच्च न्यायालयको जुलाई २०१८ को आदेशलाई उल्लेख गरिएको छ । आदेश अनुसार, कुनै पनि राज्य सरकारले वर्तमान डीजीपीको सेवानिवृत्ति भन्दा कम्तिमा तीन महिना अघि नयाँ डीजीपीको लागि आईपीएस अधिकारीहरूको प्यानल पठाउनु पर्छ।

**सिलगडी -सरकारी स्कूल- फीस बढ़ोतरी -बिरोध**

अखिल भारतीय विद्यार्थी परिषद एबीबीपी ले आज सिलगुडीका जिल्ला निरीक्षक कार्यालय अगाडि सरकारी विद्यालयहरूमा शुल्क वृद्धिको विरोधमा विरोध प्रदर्शन गरेको छ।प्राप्त जानकारी अनुसार, सरकारी विद्यालयमा २४० रुपियाँ भर्ना शुल्क निश्चित भए पनि कतिपय विद्यालयमा भने ४ सयदेखि १ हजार रुपियाँ सम्म गैरकानुनी शुल्क लिने गरिएको छ ।सरकारी निर्देश अनुसार सबै सरकारी विद्यालयमा समान र निश्चित दरमा भर्ना शुल्क लिनुपर्ने एबीभीपीको आरोप छ । अभिभावकहरुलाई थप आर्थिक दबाब दिएर अवैध रूपमा अधिक शुल्क लिने काम भइरहेको संस्थाले दाबी गरेको छ, जसका कारण गरिब र मध्यमवर्गीय परिवारका विद्यार्थीले गम्भीर समस्या भोगी रहेका छन् एबीभीपीका सदस्यहरुले सबै सरकारी विद्यालयको भर्ना शुल्कमा कठोरताका साथ निगरानी गर्नुपर्ने र तोकिएको शुल्कभन्दा अधिक लिने विद्यालयलाई तत्काल कठोर कारबाही गर्नुपर्ने माग गरेका छन् ।

**पश्चिम बंगाल सरकार- पुलिस भर्ती**

**पश्चिम बंगाल सरकारद्वारा पुलिस भर्तीको लिखित परीक्षा उत्तीर्ण भएका पहाडका प्रार्थीहरुलाई आगामी 8 जनवरीदेखि शारीरिक परीक्षामा बोलाइने र यसको लागि पहाडका प्रार्थीहरुले डोमिसिएल बुझाउने पर्ने बताइएको छ। जुन खण्ड विकास कार्यालय र महकुमा शासकको कार्यालयबाट प्रदान गरिन्छ। तर हालमा एस.आई.आर.को कारणले डोमिसिएल समयमा नै पाउन नसक्ने स्थिति देखा परेको छ। यस बिषयमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय अध्यक्ष अनित थापाले पश्चिम बंगाल सरकारको पुलिस महानिर्देशकलाई पत्रचार गरेर पहाडका प्रार्थीहरुका लागि विशेष रुपमा समय सीमा बढाई दिने अथवा शारीरिक परीक्षा सके पछि डोमिसियल बुझाउन सक्ने प्रावधान गरिदिने अनुरोध गर्नु भएको छ। यस विषयमा आज खरसाङमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले एक पत्रकार सम्मेलनमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय महासचिव अमर लामाले पुलिस भर्तीको लिखित परीक्षा उत्तीर्ण गरेका पहाडका प्रार्थीहरुलाई चाहिने डिमोसियल एस.आई.आर.को कारणले काम नभईरहेको र यसको लागि पुलिस भर्तीको लागि चाहिने डोमिसियल बुझाउन केही समय दिनु पर्ने अथवा पछिबाट पनि बुझाउन सकिने प्रावधान हुन पर्ने माग गरिएको बताउनुभएको छ।**

**पश्चिम बंगाल पुलिस डीजीपी राजीव कुमार - समयसीमा**

**पश्चिम बंगाल पुलिसका डीजीपी राजीव कुमारले निर्वाचन आयोगमा कारबाहीको रिपोर्ट बुझाउने समयसीमा आज साँझ पाँच बजे समाप्त भएको छ। उक्त प्रतिवेदन निर्वाचन आयोगले दक्षिण २४ परगना जिल्लामा नियुक्त गरेको विशेष पर्यवेक्षकमाथि आक्रमण र दुर्व्यवहार सँग सम्बन्धित छ।यो घटना गत महिना मगरहाटमा भएको थियो, जहाँ सुनुवाइको समीक्षा गर्न विशेष रोल पर्यवेक्षक सी मुरुगन दक्षिण २४ परगना पुग्नुभएको थियो। सत्तारुढ तृणमूल कांग्रेसका कार्यकर्ताले उहाँको गाडीमा आक्रमण गरेका थिए।**

**राजु शिलान्यास**

दार्जीलिङका लोकसभा सांसद राजु विष्टले भोली रंगापानीमा रेलवे लेवल क्रसिङ नम्बर एन.सी- ५ ओभर ब्रिजको शिलान्यास गर्नु हुनेछ। यो लेवल क्रसिङ ओभर ब्रिजको निमार्णका लागि केन्द्र सरकारले ६९ (उनहत्तर) करोड़ ७९ (उनासी) लाख रूपियाँ आवंटित गरेको छ।

**बीजेपी – ड्रिस्टिक बुथ**

भाजपाले आगामी विधानसभा चुनावको तैयारी तीव्र गरेको छ। यसै क्रममा राज्य भरी परिवर्तन संकल्प यात्रा र सभा साथै कार्यकर्ता प्रशिक्षण कार्यशालाका साथ जिल्ला, मण्डल, बुथ स्तरीय कार्यकर्ता र संयोजकहरूको बैठक चलिरहेको छ। यसै तैयारी बमोजिम आज खपरेलमा दार्जीलिङ भाजपाले आफ्ना बुथ स्तरीय संयोजकहरूको एउटा महत्वपूर्ण बैठक गरयो। बैठकमा सांसद राजु विष्टले एसआईआर लाई लिएर छलफल गर्दै कुनै पनि वैध मतदाताको नाम नछुटोस अनि कुनै पनि अवैध मतदाताको नाम मतदाता सूचीमा सामेल नहोस त्यसको नजरदारी गर्ने सबैसित आवहान गर्नुभयो।

## शुभेन्दु संवददाता सम्मेलन

भारतीय जनता पार्टीका विधायक तथा विपक्षी नेताले आज कोलकाताको मुरलीधर सेन लेन स्थित भाजपा कार्यालयमा एउटा संवाददाता सम्मेलन गर्दै दार्जीलिङ ,तराई , डुर्वसमा मुख्य मंत्री ममता व्यानर्जीले चिया बगानहरूलाई नष्ट गर्ने काम गरिरहेको गंभीर आरोप लगाउनु भयो। उहाँले भन्नुभयो – कतिपय चिया बगानहरूमा विगत ५ महिना देखि श्रमिकहरूले वेतन नपाएको बताउनुभयो। उहाँले यो पनि भन्नुभयो कि बीजेपी ले यो मुद्धा श्रमिक आयुक्त समक्ष उठाउनेछ। उहाँले चिया बगानको जमीन नीजि होटल, रेस्टुरेन्ट, आदिका लागि लिजमा दिइन्दैछ। जसले गर्दा चिया बगानहरूमा होटल, रक्सी दोकानहरू खेलिन्दैछ। उहाँका साथ अलिपुरद्वारका सांसद मनोज तिग्गा उपस्थित थिए।

**बागडोगरा -पक्राउ**

बागडोगरा क्षेत्रमा निखिल लोहारको कुटपिटमा संलग्न भएको आरोपमा बागडोगरा पुलिस ले दुई अभियुक्तलाई पक्राउ गरेको छ ।पुलिस सुत्र  अनुसार पुटिमारी क्षेत्रमा पिकनिकको क्रममा पिकनिक मनाइरहेका निखिल लोहार र केही युवाबीच ३१ डिसेम्बर मा झगडा भएको थियो । आरोप छ कि विवादपछि आरोपीले निखिल लोहारलाई निर्ममतापूर्वक कुटपिट गरे, जसका कारण उनको छातीको हड्डी भाँचिएको थियो । उनलाई गम्भीर अवस्थामा अस्पताल लगिएको थियो, जहाँ पछि उनको मृत्यु भयो।

**पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जी-पीसी सरकार -श्रद्धाञ्जली**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आधुनिक भारतीय जादुका पिता प्रोफेसर पी.सी. उनको पुण्यतिथिमा दिग्गजलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । उहाँले बताउनुभएको छ – आज  देश र विश्वमा भारतीय जादूलाई नयाँ पहिचान दिने महान जादूगर'पी.सी. सरकारको सम्झना गरिरहेको  छ । आफ्नो सन्देशमा मुख्यमन्त्री ममता ब्यनार्जीले भन्नुभएको छ -, 'पी.सी. सरकार सीनियरले आफ्नो अद्भुत कला, कठोर परिश्रम र सिर्जनशीलताले जादुलाई मनोरञ्जनमा मात्र सीमित गरेनन्, तर यसलाई एक सम्मानित कला रूपको रूपमा स्थापित गरे। उनले अन्तर्राष्ट्रिय मञ्चमा भारतीय संस्कृतिको महिमा गएको मुख्यमन्त्री ब्यनार्जीले बताउनु भएको छ ।

**पश्चिम बंगाल पुलिस - संदेशखाली मुख्य आरोपी पक्राउ**

पश्चिम बङ्गाल पुलिसले उत्तर २४ परगना जिल्लाको सन्देशखाली इलाकामा पुलिस माथि भएको आक्रमणका मुख्य आरोपी मुसा मोल्लालाई पक्राउ गरेको छ। उनलाईआज नजाट थाना क्षेत्रबाट पक्राउ गरिएको हो ।पुलिस सुत्र  अनुसार, मुसा मोल्ला क्षेत्रका तृणमूल कांग्रेसका नेता भएको बताइएको छ । उनको  पक्राउ सँगै अहिलेसम्म १३ जनाल पक्राउ परेका छन् । मुसामाथि गैरकानुनी रूपमा जमीन  कब्जा गरेको आरोप लागेको बताइएको छ । सोही आरोपका आधारमा अदालतले सम्बन्धित जमीनमा दण्ड प्रक्रिया संहिता को धारा  १४४ लागु गर्दै कुनै पनि निर्माण कार्यमाथी रोक लागेको थियो । सूचना पाए राजबाढी पुलिस चौकीका पुलिसकर्मीहरु  घटनास्थल पुगेका थिए । पछि पुलिस टोली बो बोयरमारी स्थित  मुसाको घरमा पनि गयो र उनलाई पुलिस थाना  जान भन्यो। आरोप छ कि त्यसपछि मुसाले आफ्ना समर्थकहरूलाई बोलाए, जसले पुलिसलाई आक्रमण गरे। घटनामा चार जना पुलिस कर्मी  घाइते भएका थिए  भने पुलिसको गाडीमा तोडफोड गरिएका थिए  । पुलिस ले घटनाबारे थप जाच भइरहेको जनाएको छ ।

****** ० ******